गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, २०७२

Sangam®

## मिति २०८१।०२।०८ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को १८ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाले आ.व. २०८०/०८१ का लागि आन्तरिक आय ठेक्कामा गैंडाकोट नगरपालिका वडा नं. ९ स्थित नारायणी नदीको जैनटार खण्डमा श्री मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स तथा गैंडाकोट नगरपालिका वडा नं. ७ स्थित नारायणी नदीको मुरलीटार खण्ड-क मा श्री ब्रिटिश मेम्बर-गण्डकी जेभी, गैंडाकोट नगरपालिका -५, नवलपरासी (बर्दघाट सुस्तापूर्व) को बोलपत्र स्वीकृत भई उल्लेखित फर्म/प्रा. लि. तथा नगरपालिका बीच हुने सम्झौतामा उल्लेखित खण्डको नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन गर्नका लागि गैंडाकोट नगरपालिकाको नदिजन्य पदार्थ ब्यबस्थापनमा मेसिनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधि, २०७९ बमोजिम उत्खनन कार्य योजना मिति २०८१/०१/३१ को नगर विपद ब्यबस्थापन समितिको निर्णय समेतका आधारमा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) सम्बन्धी कार्य गर्न गठित निर्देशक समितिले तयार गरी नगर कार्यपालिकाको कार्यालयमा आवश्यक मेसिनको सिफारिस सहित पेश गरे बमोजिम उल्लेखित फर्म/प्रा.लि. हरुलाई कार्यादेश दिई नदिजन्य पदार्थको उत्खनन संकलन तथा बिक्री वितरण सम्बन्धी कार्य अगाडी बढाउन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको आ.व. २०८०/०८१ का लागि आन्तरिक आय ठेक्का अन्तर्गत गैंडाकोट नगरपालिका वडा नं. ७ र ९ स्थित नारायणी नदीको किनारमा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन भईरहेको अवस्थामा सम्पूर्ण नगर कार्यपालिका पदाधिकारीले उक्त कार्यको नियमित अनुगमन तथा निरिक्षण गर्ने निर्णय गरियो ।

**निर्णय न. ३** गैंडाकोट नगरपालिका वडा नं. १३ को वडा समितिबाट निर्णय भई सिफारिस आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १३ | लालिगुराँस टोल सिजन चोक इन्द्रा धमालको घर निरको बाटो स्तरोउन्नति मोज्याक टायल (आ.व.२०८०/०८१ १० औं नगर कार्य पालिकाबाट भएको निर्णय) | रु.८,७९,०००/- | बेल्डिया कृषि साप्ताहिक हाट बजारको टहरा निर्माण | रु.८,००,०००/- |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख